# सिस्ने गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

Google Plus Code :- JJ8G+QXG, Rukumkot 22000

रुकुमकोट, रुकुम (पूर्वी भाग)

लुम्बिनी प्रदेश, नेपाल

## राष्ट्रिय दैनिक पत्रिकामा सूचना एवं विज्ञापन प्रकाशन गर्ने सम्बन्धी दरभाउ आह्वान गरिएको सूचना !

(प्रथम पटक प्रकाशित मिति : २०८३/०५/२४)

सिस्ने गाउँपालिकाको कार्यालयबाट प्रकाशन गर्नुपर्ने विभिन्न सूचनाहरु विद्युतीय खरिद पोर्टल सञ्चालन नभएको अवस्थामा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नका लागि राष्ट्रियस्तरका दैनिक पत्रिकाहरुबीच प्रतिष्पर्धा गरी सबैभन्दा बढी छुट कबोल गर्ने वा न्यूनतम दर कबोल गर्ने विज्ञापन एजेन्सीबाट सूचना प्रकाशन कार्य गर्नुपर्ने भएकोले सो सम्बन्धी कार्य गर्न इजाजत प्राप्त इच्छुक विज्ञापन एजेन्सीले तपसिलको कागजातसहित यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र आफ्नो दररेट पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल:**

१. दरभाउपत्र साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय दर्ताको प्रमाणपत्र प्रतिलिपि, आ.व. २०८१/८२ को करचुक्ताको प्रमाणपत्र प्रतिलिपि, प्यान/भ्याट दर्ता लगायतका आवश्यक कागजात पेश गर्नुपर्ने ।

२. दरभाउपत्र पेश गर्ने फर्म तथा व्यवसायीले दररेट प्रस्ताव फारम (BOQ) यस कार्यालयको वेबसाइट www.sisnemun.gov.np बाट download गर्न सकिनेछ । BOQ साथ रु. १०००/- (अक्षरुपी एक हजार रुपैयाँ मात्र) यस कार्यालयको आन्तरिक राजस्व खाता १८९०३०००००१००१००००१ दाखिला गरेको भौचर संलग्न गर्नुपर्नेछ र उक्त रकम फिर्ता हुने छैन ।

३. नियमअनुसार सूचना प्रकाशित भएको मितिले ८ औं (आठौं) दिन (२०८३/०५/३१ गते) दिनको दिउँसो १२ बजेभित्र गाउँपालिकाको कार्यालयमा दररेट पेश गरी सक्नु पर्नेछ ।

४. दर्ता हुन आएका प्रस्तावपत्रहरु ८ (आठौं) दिनको अपरान्ह २:०० बजे कार्यालयमा खोलिनेछ । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

५. दररेट पेश गर्ने फर्म तथा व्यवसायीले रु.४०,०००/- (अक्षरुपी चालिस हजार रुपैयाँ मात्र) यस कार्यालयको धरौटी खाता १८९०३००००२००००००१ मा दाखिला गरेको सक्कल भौचर वा ७५ दिन मान्य अवधि भएको कार्य सम्पादन जमानत प्रस्ताव साथ पेश गर्नुपर्नेछ ।

६. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त राखी पेश भएको प्रस्तावहरु स्वीकृत गरिने छैन ।

७. फर्म/विज्ञापन एजेन्सीहरुले पेश गरेको दररेट मध्ये सबैभन्दा कम दररेट पेश गर्ने विज्ञापन एजेन्सीको दररेट स्वीकृत गरिनेछ । दररेट स्वीकृत गर्ने/नगर्ने अधिकार यस कार्यालयमा निहीत हुनेछ ।

८. यस सूचनामा उल्लेखित शर्तहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**